# टिप्पणी

## संग्रौलाः प्रतिपक्षीय क्रन्दनको सुष्ठु लेखन

**भास्कर गौतम**

२०६० मंसिरमा *कान्तिपुर* मा खगेन्द्र संग्रौलाको लेखनबारे मेरो एउटा लेख छापियो । त्यो लेख संग्रौलाका दुई पुस्तकमाथिको टिप्पणी थियो जसको सराहना धेरैले गरे । हुनलाई त्यो अब्बल दर्जाको लेख थिएन, तथापि यस लेखको भ्रूण त्यही लेखेवापत पाएको उत्प्रेरणहरुमा अन्तरनिहित छ । ती स्याबासी र उक्स्याहटहरुको भार ममा निकै गहिरिएछ क्यारे, यस लेखको थालनी मेरो लागि बोझ बनिरहेको छ । निकै गऱ्हुँगो र विशाल पहरो ।

जति जति मैले संग्रौलालाई पढ्दै गए उति उति उनको मौलिक प्रस्तुतिले मलाई छोप्दै गयो । उनको वाक्य बनोटमा लीन हुँदै गएका अनगिन्ती क्षणहरु मैले सँगालेको छु । उनको कथ्य शिल्प र गद्यलाई काल्पनिक रङ्ग दिने विनोद शैलीको बखान गर्न म असमर्थ बन्दै छु । अनि उनको शब्द-चयन, झर्रो शब्दको प्रयोग, त्यसको मिठास र उनले निरन्तर दोहोऱ्याइरहने क्याँटी विधाले ममा नजानिँदो आशक्ति पैदा गरिरहेको छ । यस्तोमा संग्रौलाको लेखनबारे के लेख्छु, कस्तो विश्लेषण गर्छु त्यही विलखबन्दले म घेरिएको छु ।

मैले संग्रौलालाई नियमित रुपमा पढ्न थालेको २०५५ सालपछि मात्र हो । त्यसताका उनको लेखनले मलाई उति छुदैन थियो । न विषयवस्तुको गहिराई न विशद विश्लेषण । न उनको लेख पढेर आफ्नो ज्ञान माझ्न पाइने न विश्लेषण गर्ने क्षमताको नै विकास हुने । न तार्किक प्रस्तुति र सटिक व्याख्या । छन् त केवल खिसीटिउरी, नाटीकुटी र गालीका पोकाहरु । यस्तै यस्तै विचारहरु आउँथ्यो तिनताका । तर अधिकांशले भन्थे उनको लेखन बेजोडको छ । त्यसैले सके उनको लेख बुझ्ने सामर्थ्य ममा नभएको हो कि भन्ने भान परिरहन्थ्यो । तसर्थ कम्तीमा भाषा सिक्न पाइने अनि खासगरि शब्द भण्डार बढ्ने मनसुवामा उनलाई निरन्तर पढिरहेँ । निकै उमङ्गहीन र उत्साहरहित पढाइ थियो त्यो । हुनसक्छ संग्रौलाको कम्युनिष्ट छविका कारण उनको लेख पढ्न अलि हच्किनु वा आकर्षित नहुनुको वैरभाव पनि ममा थियो । उनी कम्युनिष्ट हुन् र कम्युनिष्टहरु कामलाग्ने हुँदैनन् भन्ने नेपाली समाजको एउटा वृत्तमा गढेको एकप्रकारको मानसिकताले मलाई निकै गाँजेको थियो । फर्केर हेर्दा हास्यास्पद लाग्छ विचारदेखि तर्सने यो कस्तो लहडी त्रास रहेछ । मूलतः २०४७ सालपछि

*Studies in Nepali History and Society* 10(2): 435-455 December 2005
© Mandala Book Point

कम्युनिष्ट पार्टीका केही नेताहरुको राम्रै पतन मैले नजिकबाट देखेकोले यस मान्यतामा भएको सत्यताको निथारप्रति म विश्वस्त थिएँ । मलाई चेत हुँदैछ कम्युनिष्ट नेताहरुको पृष्ठभूमि मात्र उनीहरुको पतनको कारण होइन । नेपालमा उपलब्ध कम्युनिष्ट स्कुलिङले सोच्ने प्रक्रियामा पारेको प्रभावसँगै समाजका अन्य जटिलताहरुको शिकार पनि उनीहरु पर्याप्त मात्रामा भएका छन् । तथापि मेरो मनस्थितिको कुनै अचेत कुनामा सहज रुपमा संग्रौलालाई पढ्ने लचकता थिएन । वा मूलतः राजनीतिक टिप्पणीले भरपुर रहेको विषयवस्तु र त्यसताका राजनीतिप्रति मेरो आकर्षण उति ठूलो नभएकोले पनि उनलाई मैले ध्यानसँग पढिन । वा जहिले जहिले पढेँ मेरो ध्यान खिचिएन ।

समयक्रममा मेरो राजनीतिक रुचिमा एकनासको वृद्धि हुँदै गयो । अनि नेपाली समाजका केही सार्वजनिक हस्तीहरुको विचारले मलाई धेरथोर प्रभाव पारिरह्यो । विचित्रको संयोग भनौं जोबाट म प्रभावित भइरहेँ तीमध्ये अधिकांश संग्रौलाका फ्यान थिए । यसैको परिणाम उनको लेख उति नरुचाएको कालमा म ठूलो विरोधाभासबाट गुज्रेको छु । तनाव र छटपट्टीमा समय बिताएको छु । संग्रौलाको लेखनले मलाई किन तान्दैन भनेर घन्टौ घोत्लिएको छु । सँगै जसका विचार र लेखनबाट म आंशकि प्रभावित थिए उनीहरुलाई किन संग्रौलाको लेखन मन पर्छ भनी निरन्तर सोचिरहन बाध्य भएको छु । त्यसैले संग्रौलाको लेखनबारे टिप्पणी गर्दा पाएको ढाडसभन्दा धेरै बढी उनको लेखनसँगै गाँसिएको नजानिँदो सम्बन्धमा यो लेखको भ्रूण अन्तरनिहित छ जस्तो लाग्छ ।

## संग्रौलाको लेखकीय अवतार

संग्रौला मूलतः कथाकार र निबन्धकार हुन् । उनका केही उपन्यास र नाटक पनि प्रकाशित छन् ।[1] उनी उपन्यासलाई कथाको लामो रुप मान्छन् । यही कारण आफ्नो लेखन कौशलता कथा र निबन्ध विधामा नै देख्छन् । तथापि आज ठूलो समूहले संग्रौलालाई अखबारी लेखनको पृथक् एवं मौलिक आयामको रुपमा लिन्छन् । यति मात्र हैन नेपालमा सर्वाधिक पठित र चर्चित लेखकको रुपमा सहजै स्वीकार्छन् । नेपाली राजनीतिको उथलपुथल, अनिश्चितता र सन्त्राससँगै बढ्दै गएको उनको अखबारी लेखनको मात्रा यति व्यापक हुँदै गयो कि लामो समयदेखि संग्रौलाका नयाँ कथा र साहित्यिक निबन्ध बजारमा देखिएको छैन । पुस्तक आकारमा जेजति देखिए ती पनि अखबारी र साहित्यिक लेखनको सँगालोहरु मात्र हुन् । हुनलाई २०५९ भदौमा नितान्त

१ उनका ६ ओटा कथा संग्रह – *नलेखिएको इतिहास* (२०३४), *सेतेको संसार* (२०४२), *हाँडीघोप्टेको जितबाजी* (२०४१), *हस्तक्षेप* (२०५३), *मइ दिवस* (२०५४), *हृदयरामको डायरी* (२०५५); चार थान उपन्यास – *चेतनाको पहिलो डाक* (२०२७), *आमाको छटपटी* (२०३३), *जुनकीरीको सङ्गीत* (२०५६) र *आमा र यमदूतहरु* (२०५९) र *समयको स्पन्दन* (२०५१) लगायत केही नाटकहरू प्रकाशित छन् ।

नयाँ उपन्यास *आमा र यमदूतहरु* पनि सार्वजनिक भएको हो । तथापि यस लेखमा मैले संग्रौलाको अखबारी लेखन र निबन्ध विधालाई मात्र आधार बनाएर उनको लेखनमाथि टिप्पणी गर्न खोजेकोले कथा र उपन्यासको चर्चा गरिने छैन । उनको निबन्ध र अखबारी लेखनमाथिको टिप्पणीसँगै यस लेखमा २०५८ जेठ १९ पछिको नेपाली राजनीतिको छरप्रष्ट आवृत्ति हुने छ ।

जेठ १९ मा नेपाली समाजमा विभत्स हत्याकाण्ड रचियो । यो हत्याकाण्डले दरबारभित्रको धेरै अन्तरविरोध मात्र सार्वजनिक गरेन सँगै संसदीय राजनीतिमा देखिएका कमजोरीहरु पनि छताछुल्ल रह्यो । नागरिकको सर्वोच्च पदमा आसीन प्रधानमन्त्रीको निरिहता देखि दरबारको उत्तराधिकारीको गम्भीर विषयहरुले नेपाली राजनीतिमा सार्थक प्रवेश पाए । सँगै फिल्मी शैलीको हत्याकाण्ड रच्ने नायक र हत्याराहरुको अड्कलबाजीले नेपाली समाजको सबै तप्कालाई राम्रैसँग गाँज्यो । यही वेला सडकमा चिण्डेहरुको बिगबिगी बढ्यो साथै हत्यारालाई कडा सजाए दिने माग र गणतन्त्रका नाराहरु गुञ्जिए । यी माग र नाराहरुको ध्वनीले राजनीतिक नेतृत्व, समाजमा स्थापित बुद्धिजीवी र नेपाली मिडियाको लाचारितालाई एकै पटक जरैदेखि हल्लाएको दृश्य मेरो मानसपटलमा नाचिरहन्छ । हो ठीक यसैवेला चर्को स्वरमा गर्जने धेरै लेखकहरुका आवाज एकैसाथ आकीर्ण र त्राणमा सीमित हुँदै गए । तर संग्रौलाको लेखनले भने आफ्नो वृत्तलाई फाँड्दै पहिलेभन्दा धेरै घनीभूत, व्यापक र फराकिलो बनाउँदै लगेको समय थियो यो । आपतको तत्कालीन घडीमा उनले जे रचे, जसरी रचे त्यसमा निर्भीकता र निर्भय थियो । लेखकीय निष्ठा, आँट र साहस थियो । सँगै थियो मानवीय कल्पनाशीलता र समाजसँग सम्वाद गर्ने लेखकीय क्षमता । भाषामा कलात्मक लचकता र विषयवस्तुमा भ्रामक सत्य एवं स्थापित मान्यतालाई चुनौती दिने व्यञ्जना थियो । शैलीमा मौलिकता र वाक्य बनोटमा अनौठो आकर्षण थियो । सँगै थियो लेखको मात्रामा विछट्ट वेग र अनौठो गति । यो नै त्यस्तो क्षण हो जहाँ मैले लेखकीय इमान एवं पैरवीको (एक्टिभिजम्) गहिराई र महत्वलाई ठम्याएको थिएँ । जीवनको थकान र अत्यासलाई पन्छाएर लोकतान्त्रिक समाज सृजनामा लेखक कसरी प्रतिवद्ध हुनसक्छ भन्ने वास्तविकतालाई महशुश गर्न सकें । समकालीन सबै सहकर्मीलाई निकैपछि पारेर नेपाली छापामा यसलाई डोऱ्याएका थिए संग्रौलाले । लाममा सीके लालगायत अरु कलमधर्मी र लेखक हुँदै नभएका त होइनन् तर सहज, स्वभाविक र सशक्त लेखनको छाप अरुले लेश मात्र दिए । अझ ठूलो परिवर्तनकामी सोच राखेर लेख्नेहरुको वृत्त त सानै थियो । नतिजा आफ्नो पृथक् स्थान बनाउने कर्ममा संग्रौलाले सबैलाई उछिने । संग्रौलालगायत तत्कालीन नेपाली समाजका सबैलाई राम्रै हेक्का छ यो उनको पाठकको दायरामा अकल्पनीय वृद्धि भएको काल हो ।

यो नै त्यस्तो समयावधि हो जसको आधारमा संग्रौलाको लेखनलाई दुई कालखण्डमा सहजै विभाजन गर्न सकिन्छ । अर्थात् दरबार हत्याकाण्डपछिको अखबारी लेखन र

योभन्दा पूर्वको सम्पूर्ण लेखन । धेरै समालोचकलाई लाग्दो होला योभन्दा उत्तम विभाजन त उनको साहित्यिक र गैरसाहित्यिक लेखनको हुँदो हो । तर मलाई लाग्छ संग्रौलाले गैरसाहित्यिक लेखन लेखेकै छैनन् । उनको अखबारी लेखन अर्धसाहित्य हो भनेर संग्रौलाले यदाकदा भन्ने र लेख्ने गरेको कुरा मलाई उचित र न्यायसङ्गत लाग्छ (संग्रौला २०६२खः ७) । उनको प्रायः लेखन आख्यानात्मक क्वाँटी शैलीमा रचिएका छन् जसमा राजनीतिक टिप्पणी र विषयवस्तुको प्रचुरता पाइन्छ । सँगै पाइन्छ कथा, चरित्र एवं कथावाचक । अर्थात् अखबारी लेखनहरुमा साहित्यको मात्रा प्रचुर भएकोले गैरसाहित्यिक हो भनेर किटानी गर्ने आधार कम छ । यही कालखण्डमा उनको उपन्यास *आमा र यमदूतहरु (२०५९)* एवं साहित्यिक निबन्ध संग्रह *घोडा, ईश्वर र मेरा बा* (२०६०) आयो । त्यस्तै उनका पछिल्ला अखबारी लेखनहरुमध्ये अधिकांश *इतिहासमा कालो पोतिएको अनुहार* (२०५८), *संकटकालमा कुन्साङ काका* (२०५९), *फूल, पात, पत्कर* (सन् २००५) बनेर पुस्तकमा सँगालिएका छन् ।

पछिल्ला तीन पुस्तक मूलतः २०५८ सालपछिको नेपाली राजनीतिको तीन विशेष समयावधिमा लेखिएका फुट्कर लेखहरुको संकलन हो । *इतिहासमा कालो पोतिएको अनुहार* मा दरबार हत्याकाण्डमाथि संस्थापन पक्षले स्थापित गर्न खोजेका सत्य विरुद्ध कटाक्ष प्रहार गरिएको छ । सत्यको अर्को पाटो नागरिक समक्ष पुऱ्याउन यी लेखहरुमा लेखकीय कल्पनाशीलताको अलंकार र प्रतीकहरुको उच्चतम प्रयोग पाइन्छ । *संकटकालमा कुन्साङ काका* मा संग्रहित लेखहरुले लेख्नलाई वातावरण असहज बन्दा उनले कुन्साङ काकालाई आफ्नो नियमित स्तम्भको कथावाचक बनाएको र विस्तारै आफ्नो स्वरलाई मुखर एवं आक्रामक बनाउँदै लगेको अनगिन्ती दृष्टान्तहरु छन् । अनि *फूल, पात, पत्कर* सन्त्रास र सेन्सर व्याप्त भएको संकटको समयको लेखनी हो । त्यस्तो समय जुन बेला लोकतन्त्रलाई बदनाम र पतन गर्न सैन्यउन्मादको दलबल सहित राज्य क्रियाशीय थियो । यो अवस्था अझ विद्यमान छ । अर्कोतर्फ हुँडारको आवरण भिरेको राज्य सँगसँगै यस भयावह कालमा उनको लेखन सञ्चारजगतको समेत अर्घेलो बनिरह्यो । तथापि अभागी नेपालीगणको आवाजलाई छताछुल्ल पार्ने कर्मबाट उनी च्यूत भएनन् । उही चक्रमा अल्झिएको राजनीतिको एउटै वास्तविकतालाई अनेकौं किसिमले छताछुल्ल पार्ने कर्ममा उनी झन्झन् निपूर्ण हुँदै गए । त्यस्तै *घोडा, ईश्वर र मेरा बा* मा संकलित अधिकांश रचनाहरु जनआन्दोलन पछिको दलीय शासनका प्रारम्भिक वर्षहरुमा रचिएका हुन् । पञ्चायतकालको स्मृति, अनुभूति र विचारको गुम्फनलाई संग्रौलाले निर्बन्धसाथ यी निबन्धहरु मार्फत अभिव्यक्त गरेका छन् । यी पुस्तकहरु बाहेक २०४६ सालको जनआन्दोलनको अनुभूति सँगालिएको *जन–आन्दोलनका छर्राहरु* (२०४७) ले पनि यस लेखलाई खुराक दिएको छ, जहाँ पहिलो पटक उन्मुक्त मुद्रामा उनले छोटा निबन्धहरु रचे । तथापि यो लेख सही अर्थमा उनका पुस्तकहरुको समीक्षा भने होइन । संग्रौलाको अनौठो गतिको सम्पूर्ण लेखन यी पुस्तकहरुमा समेटिएका

छैनन् । नेपालभित्र र बाहिरबाट निस्कने अनेकौं पत्रिकामा उनका असंख्य लेखहरु प्रकाशित छन् । साथै ती लेखहरुले समेटेको विषयवस्तु पनि विशाल र व्यापक भएकोले मूलतः यिनै पुस्तकहरु यस टिप्पणीको आधार भने हुन् । तथापि यस लेखको विषयवस्तु र सन्दर्भले मागे अनुसार अन्य अखबारी लेखनले ठाउँ पाएका छन् ।[२] त्यसैले यो टिप्पणी लेखिरहँदा यी पुस्तक इतर मेरा नजरमा परेका अन्य धेरै लेखहरु मेरो मानसपटलको कतै कुनामा अवस्थित छन् ।

*घोडा, ईश्वर र मेरा बा* को प्राक्कथनमा संग्रौलाले भनेका छन् भैरव अर्याललाई पिण्डपानी दिने क्रममा *श्रृङ्खला* त्रैमासिकको लागि उनले पहिलो पल्ट निबन्ध लेखे । यो पञ्चायत ढल्नुभन्दा केही वर्ष पूर्वको समय थियो । लेखकको भाषामा कन्दै लेखिएको यो निबन्ध 'घोडा, ईश्वर र मेरा बा' हो जसलाई वासुदेव लुइँटेलले औधी रुचाए । त्यसैले प्रशन्न मुद्रामा बुढाले संग्रौलालाई अर्ति दिए 'कनेर नलेख्नू, लेख्दा नढाँट्नू ।' यो अर्ति संग्रौलाको लेखनको सार त बन्यो नै, तर समय क्रममा लेखनीको विषयबारे उच्चकोटीको निबन्ध पनि बन्यो ।  तर लुइँटेल बाले सल्लाह दिएको केही समय नबित्दै निर्मम पञ्चायती व्यवस्था ढल्यो र सेन्सरसीपबाट विछट्टको उन्मुक्ति पाएको अनुभवसँगै निर्बन्ध रुपमा उनले *पृष्ठभूमि* साप्ताहिकमा सप्तैपिच्छे निबन्ध लेख्न थाले । यसरी लेखिएको बाह्रवटा निबन्धहरुको सँगालो नै *जनआन्दोलनका छर्राहरु* हो । निरन्तर कथा मात्र लेखिरहेको तत्कालीन समयमा *जनआन्दोलनका छर्राहरु* मा संकलित निबन्धहरुमा संग्रौलाले पञ्चायत पछिको उराठलाग्दो राजनीतिक अवस्थाको चित्रण गर्दै आलो कटाक्ष, गहिरो घाउ र सशक्त आवेगलाई सार्थक विरेचन दिएका छन् ।

हुनलाई २०४७ सालको कुरो हो । *जनआन्दोलनका छर्राहरु* को भूमिकामा संगौलाले निबन्ध लेखन उनको लागि नयाँ विधा भएकोले ती लेखहरुमा विचारको परिष्कार र कलाको निथार नभएको गुनासो गरेका थिए । तर त्यसलाई व्याख्या गर्दै प्रत्यूष वन्त भन्छन्, "यस्तो भनेर संग्रोलाले क्षमायाचना गरिरहेका छन्, कारण आन्दोलन र त्यसका तत्कालका परिणामहरुबारे उनको संक्षिप्त तर धारिलो अध्ययनमा संग्रौलाले जे हासिल गरेका छन् त्यो आन्दोलनबारे कथिएका अचाक्लीको ठेलीहरुमा पाइँदैन" (वन्त सन् १९९६) । मलाई लाग्छ भूमिकामा उल्लेख संग्रौलाको कुरा क्षमायाचना होइन, त्यो वास्तविकता हो । *जनआन्दोलनका छर्राहरु* पछि *उत्साह, श्रृङ्खला, मधुपर्क, जनसाहित्य, समकालीन साहित्य* आदि पत्रिकामा प्रकाशित भएर कालन्तरमा *घोडा, ईश्वर र मेरा बा* मा समेटिएका केही निबन्धहरुको तुलनामा वास्तवमै *जनआन्दोलनका छर्राहरु* मा दृष्टिकोण धारिलो भए पनि विचार र प्रस्तुति परिष्कृत छैन । कलाको अंश त्राण मात्र छ । आवेग र कटाक्षको मात्रा औधी छ । त्यसैले मलाई *जनआन्दोलनको छर्राहरु* अपूर्ण

---

२ यो लेख लेखिरहँदा *नवयुवा* मा प्रकाशित उनको संस्मरणहरुको संग्रह निस्कने तयारीमा छ । उक्त पुस्तकको शीर्षक *संझनाको ऐनामा तस्वीरहरु* रहेको छ । यद्यपि माथि भने जस्तै यो लेख उनको पुस्तकहरुको समीक्षा होइन । केवल उनका लेखन माथिको एकप्रकारको टिप्पणी हो ।

चिन्तन हो भन्ने लाग्छ । यद्यपि नेपाली निबन्धको संसारमा २०४६ सालपछिको वस्तुस्थितिबारे वन्तले भने जस्तै *जनआन्दोलनका छर्राहरु* को हाराहारीमा संक्षिप्त र धारिला अध्ययन पाइँदैन । तथापि *जनआन्दोलनको छर्राहरु* वास्तवमै संग्रौलाले भने जस्तै खास्सामै आन्दोलनपछिको कालमा उपन्यास लेख्नलाई स्थिर नभइसकेको मानसिकताको उपज हो । आन्दोलनकै विषयमा केही कालपछि उनले रचेको 'कालोपट्टी पर्वः जनआन्दोलनको जुनकीरी' निबन्धमा विषयवस्तुको गहिराई, भाषाको वेग र प्रस्तुतिको बान्की उच्च छ (संग्रौला सन् १९९७) । त्यसैले संग्रौलाले भने जस्तै *जनआन्दोलनको छर्राहरु* मा तीव्र आक्रोश, पराजित आँसुको पीडा, कष्टपूर्ण अन्योल र अनियन्त्रित आवेगको उद्वेलन पाइन्छ ।

पञ्चायतको मृत्युसँगै ठोस गति र व्यापक उन्मुक्ति पाएको उनको निबन्ध लेखन नेपाली राजनीति र सांस्कृतिक कर्मको क्षोभ, नजानिँदो आवेग र प्रतीकात्मक कटाक्षसँगै निरन्तर उद्वेलित भएको छ । यसैको भ्रूणमा संग्रौलाले आफ्नो विशिष्ट मौलिक शैलीको निमार्ण गर्दै गए र कालान्तरमा उनको अखबारी लेखनमा पनि त्यही शैली छायो ।

## विशिष्ट मौलिक शैली

उनको विशिष्ट शैली, सूक्ष्म अवलोकन, सटिक प्रस्तुति र प्रतीकात्मक लेखनको उच्चतम समीश्रण 'घोडा, ईश्वर र मेरा बा' नै हो । यसमा परिष्कृत विचार र प्रतीकात्मक अभिव्यक्तिको प्रचुरता पाइन्छ । घोडा सामन्ती प्रतिष्ठाको प्रतीक र ईश्वर सामन्ती हैकम, दमन र रोबको सांस्कृतिक आस्थाका रुपमा उभ्याइएका छन् । अनि उनका बाचाहिँ घोडा र ईश्वरको सम्बाहक जसको जीवनमा आफ्नो पृथक पहिचान र दृष्टिकोण छैन । परिणाम बाको जीवन जीउँने उत्प्रेरणा र आस्था नै घोडा र ईश्वरमा निर्भर छ । यही कारण एउटा कुनामा लेखक छन् अर्को कुनामा बा । प्रतीकात्मक शैलीमा लेखिएको यो निबन्धको अन्त्यतिर निकै सहज परामा संग्रौला लेख्छन्, "सत्कर्मको बाटोमा होस् वा दुष्कर्मको बाटोमा जीवनलाई क्रियाशील बनाउन र जिउँदो राख्न एउटा आस्था चाहिन्छ । आस्थाको दियो निभेपछि जीवन निस्सार, नीरव र उजाड हुन्छ ।" बाको बडेमानको आस्था घोडा र ईश्वरमा आश्रित भएकोले नै घोडा बेचिनासाथ बाको ईश्वरप्रतिको मोहभङ्ग हुन्छ जसले बालाई सँगै लिएर जान्छ । यस घटनाको आधारमा संग्रौला भन्छन्, जगतप्रति आस्था त हुनुपर्छ तर त्यो आफ्नो पृथक् अस्तित्व र स्वायत्त दृष्टिकोणप्रति हुनु नै जीवनको सार हो ।

जीवनमा मानिसले आफ्नो दृष्टिकोण आफै खोज्नुपर्छ भन्ने सार बोकेको यो निबन्धले धारिलोसँग नेपाली समाजमा अन्तरनिहित सामन्ती हैकम, दमन र रोबको सांस्कृतिक आस्थालाई छताछुल्ल पारेको छ । सँगै प्रतीक र व्यङ्गको कलात्मक समीश्रणको विशिष्ट निबन्ध लेखनको शैली जन्माएको छ ।

पञ्चायतको अन्त्यताका जन्मिएको उनको शैलीले राजा ज्ञानेन्द्रले पञ्चायत भाग दुई दोहोऱ्याइ रहँदा करिब दुई दशकको निबन्ध लेखनको यात्रा तय गरिसकेको छ । यो दुई दशकमा 'घोडा, ईश्वर र मेरा बा' लेख्ने क्रममै अपनाइएका विधि र सीपले परिपक्वता पाएको छ । उनको समसामयिक लेखनको भित्री तहमा यही शैली परिष्कृत भएको अनुभूति हुन्छ । यसको तात्पर्य उनका सबै निबन्धको बान्की यही हो भन्नु होइन । तथापि निबन्ध लेखनको प्रारम्भमा विकास भएका केही आधारभूत पक्षलाई उनले छोडेका छैनन् ।

पहिलो, शीर्षक चयन । साहित्यिक लेखन होस् वा अखबारी लेखन 'घोडा, ईश्वर र मेरा बा' जस्तै उनका अधिकांश लेखको शीर्षक आधारभूत रुपमा तीन बेग्लै सार बोकेको शब्दबाट बनेका हुन्छन् । ताली, ताल र बेताल; पुरस्कार, मान र भुक्तमान; लेखक, दानापानी र पार्टी; आयो घाम, गयो घाम, हे राम; समय, परीक्षा र अनुहार; सूचना, मकरतन्त्र र मुत्र मार्ग; माओ, पप्पु यादव र रोकाय; नागरिक नेता, गुलाफ र वनमारा आदि केही झाँकीहरु मात्र हुन् । यस्ता तीन पृथक् अर्थबोध गराउने शब्दहरुलाई सँगै राखेर लेखकले एकप्रकारको कौतुहलता पाठकमा सहजै जगाएको पाइन्छ । दोस्रो, लेखनलाई प्रतीकात्मक बान्की दिन अपनाइएको शीर्षक चयन टुप्पामा मात्र सीमित हुँदैन । हुनलाई शीर्षकमा विराजमान प्रतीकले उनको कतिपय अखबारी लेखनमा प्रारम्भ, मध्यक्रम वा अन्त्यमा छ्वाच्स कतै सन्दर्भ जोडेको दृष्टान्त मात्र प्रशस्तै पाइन्छ । तथापि अधिकांश लेखहरुमा शीर्षक उनको लेखनको मूल आधार हुन्छ, जसको सहारामा उनी विषयवस्तु निर्माण गर्छन् । वा भनौ विषयवस्तुको आधारमा शीर्षक । तेस्रो, निबन्धमा पनि उनको विषयवस्तु कथ्ने विचित्रको शैली छ । सके कथाकारको पृष्ठभूमिबाट निबन्ध र अखबारी लेखनमा आएकाले यस्ता लेखहरुमा पनि आख्यान रच्न उनी निकै माहिर छन् । अर्थात् प्रायशः लेखनमा उनी मूल पात्र वा चरित्र छान्छन् जो प्रतीक वा प्रवृत्ति हुन्छ । सँगै निबन्धभरि लेखक पनि कथावाचककै रुपमा घुमिरहेको पाइन्छ ।

उनका छोटा अखबारी लेखहरु यस शैलीबाट अछुतो छैनन् । त्यसैले ती अरुभन्दा नितान्त पृथक् छन् । यी लेखहरुमा विषयवस्तु समसामयिक हुन्छन् तर त्यसमा कथा रचिएको हुन्छ । अनि साहित्यिक स्वादको प्रचुरता यी लेखहरुको अर्को सशक्त पक्ष हो । पछिल्लो समयसम्म आइपुग्दा उनको अखबारी लेखनको शैली मूलतः यही ढर्रामा बगेको छ । *इतिहासमा कालो पोतिएको अनुहार, संकटकालमा कुन्साङ काका* एवं *फूल, पात, पत्कर* पुस्तकमा पाइने लेखहरुमा यही शैलीको बाहुल्यता छ ।

विशिष्ट शैलीसँगै भाषामा पाइने कायागत छरितोपन उनको लेखनको अर्को सशक्त पक्ष हो । 'मौन टेलिफोनमा समयको कथा' संग्रौलाले हरि अधिकारीको कवितालाई आधार बनाएर लेखेको लेख हो । माघ १९ को अत्यासलाग्दो ऐठनलाई चिर्न सफल यो

कविता संग्रौलाको शब्दमा मनका चिन्ता, भय र कल्मषहरुको उपचारकारी विरेचन थियो । उनी लेख्छन्,

> गद्यको शरीर अलि भद्दा हुन्छ, र यसको चिन्तनग्रन्थीमा रुढिको केही न केही अंश हुन्छ । शरीर भद्दा र चिन्तन किञ्चित् रुढिमुखी हुनाको कारण गद्य आफूले यात्रा गरिआएको सनातन बाटो चोकेले छेकिँदा समय सुहाउँदो व्यूहरचना गरी तत्काल चोरबाटो पहिल्याएर अघिल्तिर उन्मुख हुन प्रायः असमर्थ हुन्छ, अथवा भनौं त्यसको सामर्थ्यको गति मन्द हुन्छ । कविताको खूबी यसको कायागत छरितोपन, यसको नीतिगत चातुर्य र यसको शैलीगत लचकतामा निहित छ (सग्रौला सन् २००५: २९) ।

संग्रौलाले पद्यको प्रशंसा गरे जस्तै उनको गद्य वास्तवमै अनौपचारिक भाषा, छरितो आख्यान, नीतिगत चातुर्यता र शैलीगत लचकताको कारण बढी चर्चित छ । अर्थात् उनको गद्य लेखन भद्दा र रुढिमुखी नभएको प्रमाण यथेष्ट छ । संकटकाल लगत्तै उनी लेख्छन्,

> ...फेरि पनि कुरा आउँछ उही वार्ताकै । नेपालीहरुको रगतको पोखरीमा डुबेर नेपालको मानचित्र विलीन नहोओस् भनी चिताउनेहरु एक स्वरले भनिरहेका छन् – हत्या होइन, वार्ता । विनाश होइन, सिर्जना । उत्तेजना होइन, संयम । मूर्खता होइन, विवेक । तर मरिचपथमा छलाङ मार्दै सैन्यवादी मुद्रामा प्रधानमन्त्री शेवदे (शेर बहादुर देउवा) कुर्लिनुहुन्छ, 'म कसैलाई छाड्दिन' (संग्रौला २०५९क: २५) ।

अनि नेपालमा लोकतन्त्रको घाम झुल्काउन दिल्लीको दबाबबारे उनको टिप्पणीले भन्छ,

> लुतेहरुको यो सपना मिथ्या हो । लोकतन्त्र बाहिर कतैबाट निर्यात गरिने चीज होइन । यो रैथाने माटोमा रैथाने चेतना, रैथाने एकता र रैथाने संघर्षबाट पैदा हुने चीज हो । बाहिरको सहानुभूति र समभाव, शुभेच्छा र दबाब सहायकसम्म त हुनसक्ला नै । त्यो निर्णायक भने कदापि हुँदैन । कुन्साङ काकालाई थाहा छ, अफगानी लोकतन्त्रको साँचो पेन्टागनमा छ । इराकी लोकतन्त्रको थोक बुश प्रशासनमा छ । र नै काका विश्वस्त छन्, दिल्लीबाट नेपाली लोकतन्त्रको घाम कदापि झुल्कनेवाला छैन (संग्रौला सन् २००५: ६९) ।

उनको भाषामा सहजै कायागत छरितोपन पाइन्छ । सके त्यसैले संग्रौलाले आशंका गरे विपरित उनको अखबारी लेखन अधिकांश सन्दर्भमा समय सुहाउँदो व्यूहरचना गरी तत्काल चोरबाटो पहिल्याएर अघिल्तिर उन्मुख हुन समर्थ छ । साहित्यिक स्वादको प्रचुरतामा चलनचल्तीका राजनीतिक प्रतिक्रियाहरु विषयवस्तु भएकाले उनको लेख अझ रुचिकर हुन्छ । साथै हजार शब्द वरिपरिका लेखहरुमा यी सबै पक्षहरुसँगै चर्चामा रहिरहेका राजनीतिक व्यक्तित्वहरु उनको टिप्पणीको नायक वा कतिपय अवस्थामा खलनायक भएपछि पाठकहरुले पठनीमा शैलीगत आनन्द लिने नै भए । सँगै खलपात्रका रुपमा चित्रित गरिएकाहरुले उनी विरुद्ध तुष राख्ने नै भए ।

यही लेखकीय शैलीले गर्दा मूलतः सबै प्रकारका राजनीतिक तथा सांस्कृतिककर्मीहरुको विरेचन पात्र वा चरित्र मार्फत हुन्छ । परिणाम उनको लेखमा पाइने छनक जस्तै उनको लेखनमाथिको टिप्पणीहरु आक्षेपले भरपुर छन् ।

## आक्षेपका कमजोर वैचारिक धारहरू

संग्रौलाको लेखन आफ्नै शैलीको शिकार भएको छ । उनका पाठक र प्रशंसक धेरै हुँदाहुँदै पनि मूलतः दुई किसिमका आक्षेप छन् उनको लेखनबारे । पहिलो किसिम वामपन्थीहरुको आक्षेप हो जसलाई एक पाठक पत्रमा किशोर दवाडी यसरी भन्छन्,

> उहाँका लेखहरुमा राजनीतिका विकृत रुपहरुमाथि कठोर प्रहार गरिएको हुन्छ । तर प्रहार गर्ने नाममा उहाँको दृष्टिकोणमा गम्भीर विचलन रहेको पाइन्छ । सबैलाई एउटै देख्ने थोक मानसिकताका कारण उहाँ २०४६ पछि नेपाली राजनीतिलाई प्रदुषित र कलंकित पार्ने नेपाली कांग्रेस र काम गर्न पाउँदा नौ महिनामै देशको मुहार फेर्ने नेकपा (एमाले) बीच कुनै भिन्नता देख्नुहुन्न । यो उहाँको बौद्धिक अन्धता र व्यक्तिगत मनोरोगबाहेक केही होइन । सैद्धान्तिक र वैचारिक सवालमा मात्र होइन, व्यक्तिगत रुप, रङ्ग, र स्वभावमा समेत उहाँ वामपन्थीभन्दा दक्षिणपन्थी र निष्कलंकभन्दा भ्रष्टको मुक्तकण्ठले प्रशंसा गर्नुहुन्छ । हुन त यो उहाँको स्वतन्त्रताको कुरा हो तर पनि वामपन्थीको आवरणमा दक्षिणपन्थीको सेवा गर्नु सुहाएन (दवाडी २०६०: २) ।

मूलतः एमाले र उनलाई आक्षेप लगाउने अन्य वामपन्थीहरुको संग्रौलामाथि थोक आरोप यही हो । वामपन्थी वृत्तमा उनी 'छाडा,' 'अराजक,' 'सामूहिकताविरोधी,' 'प्रतिक्रियावादी,' 'सुधारवादी' जस्ता अलंकारहरुबाट आरोपित छन् । अर्थात् उनको लेख प्रतिउत्पादक छ । यसमा प्रगतिशील सोचाइ र रचनात्मकताको अभाव छ । यही भन्छन् वामपन्थीहरु । तर विडम्बना यी आरोपहरुलाई वैचारिक रुपमा प्रमाणित गर्न ठोस केही लेखिएको छैन । नेपाली समाजमा प्रगतिशील लेखकहरुको भेला हुँदा ६०० भन्दा बढी लेखनदासहरु सदस्य रहेछन् भनी समाचार पढ्न पाइन्छ । तर प्रगतिशील लेखक, उनीहरुको कर्म, उनीहरु पार्टीमा दास बनेका सन्दर्भ साथै उनीहरुका पार्टीको राजनीतिक विचारलाई निरन्तर चुनौती दिइरहेका संग्रौलाको लेखनमाथि वैचारिक रुपमा घनीभूत बहस चलाउने दृष्टान्तहरुको लाममा ६ जना प्रगतिशील लेखकहरु खोज्न पनि हम्मे पर्छ । लाममा पाइन्छ त केवल थोक आरोप र गुनासाका पोकाहरु । यो प्रगतिशील वृत्तमा पाइने वैचारिक दरिद्रताको ज्वलन्त दृष्टान्त हो । दोस्रो, प्रायशः सबै वृत्तका पाठकहरुको आक्षेप हो जो भन्छन्,

> मनन् गर्दा काकाको लेख त्यस्तो भयमोचन गर्नभन्दा पनि कसैको चरित्रहत्या गर्न गालीमै सीमित हुन्छ । उनी कल्पना गर्छन् र कल्पनामै पात्रहरुलाई क्षतविक्षत पारिदिन्छन् । उनका कल्पनाका बज्रप्रहार भइसकेपछि अक्सर पात्रहरुको जिउँदै श्राद्ध हुन्छ । कहिलेकाहीँ पात्र उपुग हुँदो हो उनी दोहोऱ्याइदिन्छन् । कहिलेचाहिँ यस्तो पात्र

> चुन्छन्, जसनिम्ति गाली गर्ने न सन्दर्भ जुर्छ र पात्रको योग्यता पुगेकै हुँदैनन् । ...अक्सर नकारात्मक सोच राख्नेलाई उनका रचना राम्रै लाग्ला । तर मलाई बेलाको बोली बढीमा नशा हो भन्ने लाग्छ, जुन बानी परिसकेपछि नभई पनि हुँदैन । सेवन गऱ्यो फइदा पनि गर्दैन । ...समाधान सहितको रचना जति औषधि बराबर ठानिन्छ, समाधान विनाको गाली विष बराबर हुन्छ... (दुवाडी २०६२: ६) ।

यी दुइटा आक्षेपहरुसँगै उनको लेख रुचिकर नलाग्ने, व्याख्या र तर्कको अभाव खट्कने, उनको लेखनलाई बढी भावनात्मक र कम विश्लेषणमुखी सम्भने, अनि उनको पेलानमा परेर संग्रौलाको नाम र लेखनदेखि नै वितृष्णा जागेकाहरुको भीड लामै छ । तर यी कोहीले पनि उनको भाषाको स्तर, प्रस्तुति र सहअस्तित्वलाई नकार्न सक्दैनन् । त्यसैले धेरैले सके उनको भाषामा भएको पकडदेखि तर्सिएर नै मनका तुषहरु पोख्न नसकेका हुनन् । भाषामा भएको बेजोडको पकड र यी थोक आक्षेपहरुबीच उनले उठाएका धेरै विषयवस्तुहरुले कम चर्चा पाएका छन् ।

म लेखपढ गर्ने संसारमा धेरै त्यस्ता मानिसहरुलाई चिन्छु जसले संग्रौलाको लेखनलाई विषयवस्तुहीन देख्छन् । उनको लेखलाई खोक्रो बुभ्छन्, अनि पट्यारिलो संभन्छन् । तर समयक्रमसँगै संग्रौलाको लेखनको बान्की, विषयवस्तुको चयन र छनोट अनि त्यसको प्रस्तुतिलाई महशुश गर्ने मेरो दृष्टिकोणमा परिवर्तन भएको छ । त्यसलाई ठम्याउने र बुभ्ने अभ्यासको कायापलट भएको छ ।

मलाई लाग्छ उनलाई व्यक्तिको नाम तोकेर लेख्ने सुभबुभ र प्रेरणा उनको उमेर र अनुभवले दिएको हो । गैरजिम्मेबार राजनीतिककर्मीहरुको भीड र अधिकांश पदीय व्यक्तित्वहरु नैतिक क्षयीकरणको पथमा सवार भइरहदा थोक राजनीतिक टिप्पणीको प्रभावकारिता उनले देखेनन् । जति जति उनी समसामयिक विषयहरुमा लेख्दै गए उति नै यसको बोध उनलाई भएको बुभिन्छ । तर संग्रौलाको यो साहस र गहिरो राजनीतिक बुभाइलाई राजनीतिमा लागेका अधिकांशले चारित्रिक आक्रमण र व्यक्तिगत प्रहारको रुपमा लिएको पाइन्छ । वास्तविकता यो नभएको प्रष्टै छ । तथापि पात्र र चरित्रमा आधारित उनको लेखनीको कारण उनले उठाएका बिषयवस्तुले कम महत्व पाउने गरेको छ । सके तारिफ पनि हदैसम्मको गर्ने अनि थेचार्नु पर्दा पनि भित्तैसम्म पुऱ्याउने कारणले विषयवस्तु थप ओभेलमा परेको हुनसक्छ ।

विषयवस्तुको एकथरि उच्चतम मानक *घोडा, ईश्वर र मेरा बा* मा संकलित 'घोडा, ईश्वर र मेरा बा' शीर्षको निबन्ध आफै हो । यसको सन्दर्भ माथि उल्लेख भइसक्यो । 'जीवनको त्यो क्षण: सर्प र विच्छीहरुको जंगलमा' निबन्धलाई लेखकको परिष्कृत विचार र निबन्ध लेखन कलाको अर्कोथरि उत्कृट मानक मान्न सकिन्छ ।

जीवनमा छिचोलेका केही डोबहरु अनि एकाध बोधगम्य घटनाहरुको सहारामा उनले सहजै सङ्गीन पञ्चायती प्रशासनको बौलट्टी कार्यशैलीलाई छताछुल्ल पारेका छन् । तीस वर्षे पञ्चायती व्यवस्थाको निरंकुशता र विकृत रुप सहजै यो निबन्धमा

जसरी चित्रित छ त्यति सशक्तसँग पञ्चायती तानाशाहीबारे लेखिएका अन्य कुनै लेखनीमा भेटिँदैन । साथै तत्कालीन समयको नेपाली शैक्षिक जगतका केही अयामहरु एवं जीवनको प्रेरणादायी संघर्ष निबन्धमा अन्तर्निहित छ । निकै रुचिकर र चाखलाग्दो पारामा यति सटिक र धारिलो रचना वेखुबी भएको लेखकले मात्र रच्न सक्छ । त्यसैले यो संग्रौलाको मात्र नभएर नेपाली निबन्धको फाँटमा विशिष्ट लेखनको उच्चतम मानक हो ।

## विषयवस्तु चयनका अनेकौं आयाम

*जनआन्दोलनका छर्राहरु* देखिन् *फूल, पात, पत्कर* सम्म संग्रहित निबन्धहरुलाई मसिनोसँग निल्यायो भने विषयवस्तुको छनोटको दृष्टिबाट केही रोचक तथ्यहरु फेला पर्छन् । पहिलो, समयको गतिलाई ठम्याउन उनी माहिर छन् । समय अनुसार समाजमा भएघटेका घटना वा चासोहरुको आधारमा आम सरोकारका विषयहरुलाई टपक्क टिपेर लोकसँग सम्वाद गर्न सक्नु नै उनको सीप र कला हो । उनको यही निपूर्णताका कारण उचित समयमा सही विषयको चयन उनी गर्छन् । दोस्रो, समयको गति र पाठकको स्पन्दनका अन्तरकुन्तरलाई सुम्सुम्याउने खुबी उनमा प्रशस्तै छ । उनको कल्पनाशीलताको आधार यही खुबी हो । तेस्रो, *घोडा, ईश्वर र मेरा बा* मा संकलित उनका निबन्धहरु बाहेकका अधिकांश लेखन विषयवस्तु आलो हुँदै लेखिएकाले त्यसमा आक्रोश र क्रोधको मात्र बढी हुन्छ । ती कटाक्ष र आवेगले उद्वेलित हुन्छन् । यस्ता लेखहरु अधिकांश समयमा समकालीन नेपाली समाजको मनोविज्ञानको रुपमा प्रतिविम्वित हुन्छन् । चोथौ, संयमताले भरपुर उनका लेखहरुको मात्रा पनि असंख्य छ । जबजब लेखन संयमित भएर आक्रोश र कटाक्ष कतै भित्री पत्रमा लीन रहन्छ उनको लेखमा विषयवस्तुको गहिराई प्रचुर हुन्छ । ती लेखहरु निकै छरितो, पठनीय र रोमाञ्चक हुन्छन् । तथ्य, विचार प्रधान र धारिलो पनि । *जनआन्दोलनका छर्राहरु* मा संकलित 'शहीदको अपमान किन' र 'क्रान्ति मुद्रामा रजत कवि–२', *इतिहासमा कालो पोतिएको अनुहार* को 'भतिज दीपेन्द्र मलाई माफ गर' र 'मैले देखेको दुःखद सपना', एवं *संकटकालमा कुन्साङ काका* मा संकलित संकटकाल प्रारम्भ भए लगत्तै लेखिएका अधिकांश लेखहरु यस कोटीमा पर्छन् । तत्कालीन संकटकालको त्रासदीले लेखकलाई फुका रुपमा धेरै कुराहरु भन्ने छुट थिएन । त्यसैले यसवेला संग्रौलाले संयमित रुपमा धेरै छोटा लेखहरु रचे ।

उनको अर्धसाहित्यिक अखबारी लेखनको विषयवस्तुलाई अर्को तरिकाले पनि हेर्नुपर्ने हुन्छ । संग्रौलाले आफूले भोगेको काल र जीवनबारे जति लेखका छन् मात्रात्मक रुपमा उही संख्यामा लेख्ने लेखक सायदै नेपालमा होलान् । अर्को उनका अधिकांश लेखहरु समसामयिक विषयमा केन्द्रित छन् । उनको पीडादायी अतीत र बारुदमय वर्तमानले समेटेको कालपरिस्थिति विषयवस्तुको अभिन्न अंग हो । उनले छिचोलेको करिब छ

दशक लामो जीवन यात्रा विस्मयकारी, त्रासदीपूर्ण र रगतपच्छे भएको सर्वविधित छ । त्यसैले समसामयिक विषयमा लक्षित लेखहरुमा तत्कालीन समयको विक्षिप्त मानसिकतालाई पन्छाएर विषयवस्तु खोज्न मिल्दैन । उनी लेख्छन्,

> मेरो एक बित्ते जीवनमा प्रजातन्त्र ती–तीन पटक आइसक्यो । र पटकैपिच्छेका गरी मेरो मनमा प्रजातन्त्रका तीनवटा अमिट चित्र खिचिएका छन् । खुट्टो काटिएको घाइते परेवा र मेरी आमाको रगतपच्छे हृदय–यो भयो प्रजातन्त्रको पहिलो चित्र । अनन्त लामो अन्धकार सुरुङ र सुरुङभित्र दाजुहरुको हृदयविदारक चित्कार–यो भयो प्रजातन्त्रको दोस्रो चित्र । अनगिन्ती प्रलोभनहरु बाँड्ने पाखण्डी हातहरुले लोप्पा ख्वाएका अभागी काकाकुलहरुको लम्बेतान हुल र त्यस हुललाई हेरेर अट्टाहासपूर्ण हाँसो हाँसिरहेको निरंकुश शासनको बाकाइदा सुरक्षित सालिक–यो भयो प्रजातन्त्रको तेस्रो चित्र (संग्रौला २०६०क: २६) ।

प्रारम्भका दुई प्रजातन्त्रमा लेखकको अभिनय गर्ने पाठ उनले रोजिसकेका थिएनन् । लेखकको भूमिका नरोज्दैमा अतीतका रोमाञ्चक वा विस्मयकारी अनुभवहरु मानिसको स्मृतिबाट एकाएक लोप हुँदैनन् । तर पनि शुरुका दुई प्रजातन्त्र उनी वयस्क हुनु पूर्व नै आए र गए । त्यसैले जीवनको उत्तरार्धमा आएर यस कालखण्डलाई व्याख्या गर्ने सामर्थ उनीमा भए पनि यी संझनाहरु छरप्रष्ट र छ्यास्मिसे नै छन् । *सम्झनाको ऐनाका तस्वीरहरु* मा समेटिएको वाल्यकालको संस्मरणात्मक लेखहरुमा उनका छताछुल्ल स्मृतिको राम्रै अनुभव गर्न सकिन्छ । उनका घनीभूत संझनाहरु त कालरात्रीमय निरंकुश पञ्चायतसँग गाँसिएको छ । यही कारण उनको लेखमा बर्बर र निर्मम पञ्चायतको सन्दर्भ औधी पाइन्छ । २०४६ सालपछि पञ्चायतको आवरण मात्र ढलेको र मूल समस्या ज्युँकात्युँ रहेको यथार्थलाई उनले धेरै पटक औल्याएका छन् । पञ्चायत ज्यूउँदै रहेको उनको ठहर र भोगाइहरुको घनत्व २०४६ सालपछिको उमङ्गमय एवं विरक्तिपूर्ण समयावधिमा झनै बढिरहेको थियो । उनले भने जस्तै,

> कटु यर्थाथ साक्षी छ, २०४६ सालको जनआन्दोलनले जीवनको कुरुप र घृणित रुपलाई बलिदानबाट बगेको अनमोल रगतले धोएर सुन्दर र स्वच्छ पार्न सकेन । यस्तो लाग्छ जीवन सर्प र विच्छीहरुको बिगबिगी भएको एउटा जंगलबाट निस्केर सर्प र विच्छीहरुकै बिगबिगी भएको अर्को जंगलमा भित्रियो । जंगलको रुप फेरियो, सर्प र बिच्छीहरु मासिएनन् । सर्प र विच्छीहरुको डसाइ र चिलाइको रुप फेरियो, डस्दा र चिल्दाको पीडा घटेन (संग्रौला २०६०क: ७३) ।

अझ दरबार हत्याकाण्ड र त्यसले लिएर आएको नयाँ पञ्चायती सैन्य रुपसँगै परिस्थितिको वास्तविकता फेरिएको छ । जसरी *घोडा, ईश्वर र मेरा बा* का निबन्धहरुले लोकतान्त्रिक शून्यता, बन्दूकधारीहरुको बर्बता र उच्छृङ्खल बिगबिगीको झझल्को दिलाउँछ त्यही दमन र शोषणको संस्कृतिलाई पुनः प्रश्रय दिन शाही सत्ता निरन्तर लागि परेको

छ । संग्रौला लेख्छन्, "चारैतिर भ्रमको घना कुहिरो व्याप्त छ, अन्यौलको जङ्गल छ र अराजकताको रजाइँ छ । परिवेशमा सर्वत्र पलप्रतिपल मृत्यु र विनाशको भयावह गन्ध मात्र आउँछ" (संग्रौला २०५९क: १०१) । यो भ्रम, अन्यौल र अराजकता मृत्युको भयमा मात्र सीमित रहेन । यस्ता विपत्तिहरुले नेपाली समाजमा पटक पटक संकटकाल पनि लिएर आयो । त्यस्तो अवस्था जहाँ,

> ...सरकारी सूचना मात्रै हुन्छ । ...संकटकालमा धरती सरकारी हुन्छ र आकाश पनि सरकारी नै । अरु कुराका त के कुरा, संकटकालमा हावाको दिशा पनि सरकारी नै हुन्छ । एक दृश्य, एक रस, एक रंग, एक ध्वनी, एक आयाम, एक स्वार्थ, एक आदेश, एक दिशा चराचर जगत्का यावत् कुरामा एकको एकलौटी अधिकार व्याप्त हुन्छ संकटकालमा (संग्रौला २०५९क: ३) ।

राजा वीरेन्द्रको वंश नाशसँगै प्रारम्भ भएको क्रमशः अघोषित, अर्धघोषित र घोषित संकटकालको एकलौटी पर्याय राजा ज्ञानेन्द्र बने । पहिला ज्ञानेन्द्रको दमनकारी रुप छद्म थियो पछि छर्लङ्ग हुँदै गयो । पछिल्लो समयमा संग्रौलाको लेखन यही एक्लौटी बाक्लो परिहास विरुद्ध मुखर र आक्रामक बन्दै गएको छ । सँगै सटिक र धारिलो पनि । पछिल्लो तीन पुस्तकमा संग्रहित लेखहरुलाई यही बान्कीमा राख्न सकिन्छ ।

२००७ सालपछिको नेपालमा जसले इमान र स्वाभिमान छोडेनन्, जसले सर्प र विच्छीहरुको चिलाइ र डसाइलाई लल्कारिरहे, जसले अचाक्लीका प्रतीकुल अवस्थामा पनि आफूलाई लेखनदासमा परिणत गर्न मानेनन् उनीहरुको नियति पनि संग्रौलाको भन्दा पृथक् रहेन । अन्याय र असमानता विरुद्ध लडेका लेखकहरुको लस्कर नेपाली समाजमा लामै भए पनि संग्रौला जस्तै खरो र नीर्भयपूर्ण अभिव्यक्ति दिनेहरुको संख्या नगण्य छ । वित्पातको अत्याशपूर्ण कालरात्रीमा आफ्नो इमानलाई साँचिराखेकाहरुको संख्या अझ न्यून छ । अनि यी यावत् पक्षलाई जोगाएर सर्प र विच्छीहरुको सम्पूर्ण चर्तिकलालाई प्रभावकारी रुपमा छताछुल्ल पार्न सफल लेखक सके उनी मात्र हुँदा हुन् कि जस्तो मलाई लागिरहन्छ ।

अधिकांश लेखकहरुले संग्रौलाले जस्तै वा उनकै जसरी लेख्न नसके पनि अन्य धेरै बान्कीमा नेपाली समाजको वास्तविकता उजिल्याएका छन् । धेरै लेखक र आम नेपालीको मानसपटलमा मूलतः यही समयको थोक संझना भनेको सर्प र विच्छीहरु विरुद्ध भोगिएका भेदभाव र वर्वरताका अनेकौ आयाम नै हो । त्यसैले संग्रौलको लेखनमा ती राजनीतिक र सांस्कृतिक क्षोभ, दमन, शोषण र भेदभाव विरुद्ध आक्रोशले भरिभराउ व्यङ्गका आयामहरु भेट्याइनु नेपाली समाजको सबैभन्दा कटु यथार्थसँग साउती मार्नु हो । यदि उनको लेखमा आवेश रहेन, क्रोध र आक्रोश लोप भयो, शोषकका आवरणहरुको भेउ पाइएन भने ती लेखहरुमा विषयवस्तुको निथार रहन्न । समयको स्पन्दनको उचित प्रतिविम्व लेखनबाट हराउँछ । र उनको लेखनको ओझ र आयामको महत्ता न्यून हुन्छ । यिनै पक्षहरुका कारण संग्रौलाले भोगेको अतीत एवं समकालीन

परिस्थितिको एकदमै साँचो तथ्य र उचित झझल्कोको धारिलो अध्ययन हो उनको लेखनी । उनको लेखनको पत्रपत्रमा पाइने यस्ता पक्षलाई जसले विषयवस्तु होइन भन्छ सके नेपाली समाजको वास्तविकताको भेउ तिनले पाएका छैनन् । त्यसलाई सूक्ष्म रुपमा अनुभूत गरेका छैनन् । अनि सके समसामयिक विषयलाई बुझ्ने माध्यम भनेको व्याख्यात्मक शैली मात्र हो भन्ने भ्रम पालिरहेका छन् ।

संग्रौलाले विगत चार वर्षमा तीनवटा विषयवस्तुमा निकै कलम चलाएको देखिन्छ । पहिलो, अनौठो घेरामा फन्को मारिरहेको नेपाली राजनीति, गृहयुद्ध एवं माओवादीका हिंसात्मक गतिविधिका वरिपरि उनले लेख्नु विधि लेखेका छन् । निरन्तर चलिरहेको आन्दोलन, राजाका काला कर्तुतहरु र पार्टीहरुको जुम्से प्रवृत्ति तथा मिति गुज्रिसकेको नेतृत्वको विरलाकोटीको सुस्तता माथिको लेखन पनि यही कोटीमा पर्छ । त्यसैले दमन र शोषण विरुद्धका यावत राजनीतिक चासोहरु उनको लेखको आधार हो । सँगै पार्टीका कमिकमजोरीका केही आधारभूत पक्षहरु समयको गतिसँगै सुधारिँदै लानुपर्छ भन्ने तर्क उनले अघि सारिरहे । यो सुधार वेगर लोकतन्त्र स्थापनाको आन्दोलनले गति समाउँदैन भन्ने उनको मान्यता हो । निरंकुशतन्त्र हावी भइरहेको अवस्थामा पार्टीहरु माथि आक्रामक बन्नु हुँदैन भन्ने मूलतः निलाम्बर आचार्यले जोडदारसित अघि सारेको तर्कको विपक्षमा यो मान्यता उभिएको छ । नेपाली राजनीति वित्पातको संक्रमणबाट गुज्रिरहेको यस अवस्थामा यी दुई नितान्त पृथक् मान्यताले सार्वजनिक वृत्तमा ठूलै बहस र तरंग उत्पन्न गरेको छ । यसको एउटा पक्षलाई जोडदारसाथ संग्रौलाको स्तम्भले डोऱ्याइरहेको छ । *संकटकालमा कुन्साङ काका* तथा *फूल, पात, पत्कर* मा पनि यो विचार बोकेको धेरै लेखहरु संग्रहित छन् ।

दोस्रो, यसबीचमा सञ्चारमाध्यम र सेन्सरसीपसम्बन्धी उनले धेरै लेखे । सञ्चार जगत र नागरिकका मुख थुन्न राज्य लागेको हुनाले यसमाथि उनका धेरै कड्के प्रहारहरु भए । साथै धेरै सञ्चारमाध्यमले राज्यको बोलीमा लोली मिलाएको हुनाले त्यसको खेदो खन्न उनले छाडेनन् । यही समयमा उनले पटक पटक आफ्नो लेख नछापिएको वा छाँटकाँट गरिएको सन्दर्भ बनाएर *कान्तिपुर*को नियमित स्तम्भमै धेरै लेखे । धेरैले त्यसवेला उनको लेखलाई व्यक्तिगत गुनासो र आफ्नो लेख कटानमा परेको रोदन भनेर मात्र बुझे । राज्यको तानाशाही र दमनको आतंकले गर्दा सञ्चार माध्यम निरिह बनिरहेको र आफ्नो धर्मबाट क्रमशः विमुख भइरहेका पक्ष उनको लेखनमा प्रतिविम्वित थियो । यो पाटोलाई धेरैले सहजै पन्छाए । तथापि संग्रौलाले आफ्नो वाक्‌लाई दब्न दिएनन्, सेन्सरसीप र स्वतन्त्र सञ्चारको धर्मबारे बोल्न छोडेनन् । उनी लेख्छन्,

> काल सहज होस् वा संकटग्रस्त, स्वतन्त्र सञ्चारको धर्म जति सकिन्छ जनआंकाक्षा घोलेर जनबोली बोल्नु हो । त्यो प्रतिपक्षको बोली हो । त्यो नागरिकको अस्तित्व र अस्मिताको चिन्ता गर्ने बोली हो । त्यो सरकारी सत्यमाथि प्रश्न गर्ने बोली हो । तर

> जब हाम्रो सिङ्गो मुद्रण उद्योग नै गोरखापत्रको छायाँमा रुपान्तरित भयो, सरकारी बोलीले जगतै ढाक्यो । अनि जनताको बोली ? थाहा छैन (सन् २००५: १२) ।

अझ उनको तर्क यस्तो पनि छ,

> सशस्त्र द्वन्द्वको चेपुवामा परेर दिन प्रतिदिन दर्जनौं निःशस्त्र नागरिकको निर्मम बध हुँदैछ । तिनको त्रासद् नियतिबारे सूचना सम्प्रेषण गर्ने प्रतिपक्षीय सञ्चारगृहहरुमाथि राज्यका निषेधकारी बन्दुकहरुको ताण्डव कायम छ । नरभक्षी द्वन्द्वको विषाक्त तुवाँलोमुनि धमिलो पानीमा माछा मार्न सिपालु परचक्रीहरुका अदृश्य पञ्जासामु मुलुकको अस्तित्वमाथि नै प्रश्नचिन्ह उठेको आभास हुन्छ । रक्तरञ्जित सामाजिक मानचित्रमा सर्वत्र मृत्युको कोलाहल र चित्कार व्याप्त छ (संग्रौला २०६२कः १३५) ।

सञ्चारकै चर्चा गर्दा *संकटकालमा कुन्साङ काका* मा 'लेखकको रगतको लिपस्टिक लगाउने संस्कृति विरुद्ध' शीर्षकको एउटा लेख छ । यो लेखकमा मूलतः "लेखकले कष्टसाध्य साधनाद्वारा आर्जित आफ्नो ज्ञान, प्राज्ञ, अनुभव र अनुभूतिको धरातलमा उभिएर लिपिबद्ध गर्ने शब्दप्रति प्रकाशकद्वारा समर्पित पारिश्रमिकको सानो रकममा समेत पनि सरकारका गिद्धेदृष्टि परेको कुरुप तथ्यप्रति..."को क्रोध छ । र सँगै छ एउटा अखबारले स्वेच्छाचारी शैलीमा लेखकको पारिश्रमिक घटाएको सन्दर्भ । तर यो लेख त्यस अखबारले छाप्न नमानेपछि ज्यादै थोरै थान छापिने पत्रिकामा प्रकाशित भएको सन्दर्भ कोट्याउँदै यसै पुस्तकको भूमिकामा उनी लेख्छन्,

> यस सङ्कलनको पुछारमा यस मालादेखि बाहिरको एउटा टिप्पणी राखिएको छ । यो टिप्पणी जसका नाउँमा लेखिएको हो त्यो उसै अखबारमा छाप्नका लागि समर्पित थियो । तर लेखकलाई मार्न खोज्ने त्यस अखबारले यस टिप्पणीलाई पनि अँध्यारामा गुम्स्याएर मार्न खोज्यो । पछि यसले ज्यादै थोरै थान छापिने एउटा प्रकाशनमा दिनको उज्यालो देख्न पायो ।

यसरी राज्य आतंकको कारण सार्वजनिक वृत्तमा प्रतिकुल अवस्था त थियो नै, सञ्चार जगतमा पनि अवस्था उति अनुकुल थिएन । तर संग्रौला निरन्तर जनआंकाक्षा र जनबोली बोल्न डटिरहे । परिणाम सञ्चार जगतको तारिफ र विरोधमा उनले धेरै लेखे ।

तेस्रो, यस अवधिमा उनलाई सबैभन्दा खड्केको पक्ष थियो बुद्धिवीजीहरुको मौनव्रत । पार्टी भित्रका र पार्टी बाहिरका, अनुकुल समयमा निकै कुर्लिने र आपत्मा हराउने नेपाली समाजका बुद्धिजीवीमाथि उनले धेरै लेखे । धेरै किसिमका भय, भ्रम र प्रलोभनका कारण लेखकीय मौनता भय एवं पलायनको कायरतापूर्ण भावनाबाट निःसृत हुन्छ भन्ने संग्रौलाको तर्क हो । नेपाली बुद्धिजीवीको गतिलाई नजिकबाटै बुझेका संग्रौलाले लेखक जगतको सबै तप्काबाट आशा नराखे पनि आफ्नो अपेक्षालाई प्रष्टाउँदै उनी लेख्छन्, "...आफूलाई मार्क्सवादी र लेनिनवादी, क्रान्तिकारी र जनवादी,

प्रगतिवादी र विप्लवी भनी आत्म विज्ञापन गर्न रुचाउनेहरुसँग भने निश्चय नै मेरा अपेक्षाहरु थिए । मेरा यी अपेक्षाहरुले प्रतिउत्तरमा निराशा मात्र हात लगाएका छन्" (संग्रौला २०६२क: १३५) । यही निराशाले भरिएको छन्दमा उनी प्रश्न गर्छन्,

> म आवाज नहुनेहरुको आवाज हुँ, म अशक्तहरुको शक्ति हुँ र म इतिहासको संकटकालमा सत्य बोल्न जोखिम उठाउने वीर हुँ भनी वाचा गर्नेहरुले चर्को बोल्ने बेला कहिले आउने होला । ...लोककल्याणको भावनालाई सर्वोपरि राखेर यथार्थका अकल्याणकारी प्रवृत्तिहरुमाथि मूर्त र निरन्तर रुपबाट हस्तक्षेप गर्न आँट नगर्ने शब्दकर्मी साँचो अर्थमा लेखक होइन, ऊ लेखनदास हो । रचनाकर्मको सारले लेखनदास हुनु तर जीवनको नाटकमा भने लेखक भएको अभिनय गर्नु एक कारुणिक पाखण्ड हो । म त भन्छु सच्चा लेखनधर्मप्रति हामी जो जो प्रतिवद्ध छौं अब ओठ खोलौं र यी यावत् दृश्य र अदृश्य पाखण्डहरुविरुद्ध समवेत स्वरमा बोलौं (संग्रौला २०६२क: १३६–४०) ।

## पैरवी, इमान र स्वाभिमान

संग्रौला आवाज नहुनेहरुका आवाज हुन् । अशक्तहरुको शक्ति हुन् । र उनको लेखन नेपाली समाजका दमित, शोषित एवं पीडितहरुको चित्कार हो । हुनलाई संग्रौला आफूलाई एक 'हठी स्वाभिमानी'को रुपमा व्यक्त गर्छन् । तर उनको हठी स्वाभिमान इमानको द्योतक हो । त्यसैले पृथक् लेखन, मौलिकवाद, विशिष्ट सीप, भाषाको प्रवाह जस्ता अलंकारमा मात्र उनको लेखन सीमित हुँदैन । यसको अर्को आयाम पनि छ ।

वामपन्थी वृत्तमा मोदनाथ प्रश्रित, नारायण ढकालहरु पनि मौलिक शैली र भाषामा राम्रो पकड भएका लेखकहरु हुन् । तर उनीहरुको व्यक्तित्व र समयले यसरी कोल्टे फेर्‍यो कि आज यो वास्तविकता ऐतिहासिक सत्यमा परिणत भइसकेको छ । प्रश्रित कुनै समय वामपन्थी वृत्तमा सबैभन्दा बढी पढिने लेखक थिए । उनका लेख, रचना र पुस्तकहरु सातवटा ठेलीमा संग्रहित छन् । कुनै समय *नारीबन्धन र मुक्ति, देवासुर संग्राम, अतीतका पाइला, गोलघरको सन्देश* वामपन्थी पाठशालाका ग्रन्थ नै थिए । तर विडम्वना भनौ उनको पाठकको दायारा साघुरिँदै गयो । निकै खुम्चियो । एकताका नारायण ढकालको कद पनि उच्च थियो । उनलाई पढ्नेहरुको संख्या पनि राम्रै थियो । तर विस्तारै उनको ओज अलप भयो, सँगै पाठकको दायरा पनि ।

एकातर्फ संग्रौला र अर्कोतर्फ प्रश्रित र ढकालहरुलाई यहाँ प्रवृत्तिको रुपमा लिन सकिन्छ । वास्तविकता सरल र सहज छ । समयको प्रवाहसँगै संग्रौलाको इमान र स्वाभिमान अझ घनीभूत र सशक्त बन्दै गयो । उनको विचार डगमगिएन, बरु ती परिस्कृत र एकनासले विकसित भइरहे । त्यसैले उनको लेखनी र कथनीलाई सम्मान गर्ने र गम्भीरता साथ सुन्नेहरुको भीड पनि बढ्दै गयो । अर्कोतर्फ लेख्ने र बोल्ने यात्राले निरन्तरता पाइरहे पनि निजी जीवनमा साख खिँइदै गएको कारण प्रश्रित र

ढकालहरुको लेखनी र कथनीको कदर गर्ने झुण्ड घट्दै गए । यही कारण एक वा अर्को प्रकारले सामाजिक जीवन जीउनेहरुको लागि इमान हरपल महत्वपूर्ण आयाम हुने कुरामा विवाद छैन ।

आफ्ना इमान र स्वाभिमानसँगै लेखनीमा उनले समेटेका विषयवस्तुको दायरा निकै फराकिलो छ । सारमा ती सबै विषय नागरिकको हक, अधिकारको पक्षमा समाज र राज्यका दमन, शोषण र कुरीति विरुद्धको मुखर अभिव्यक्ति हो । उनका अभिव्यक्ति इतिहासको कुन कालखण्डमा कसरी आए भन्ने तथ्यले धेरै माने राख्छन् । उनकै भाषामा,

> हामी अहिले लोकतन्त्रभक्षी शाही सत्ताद्वारा हटाएँ भनेर झनै कठोर तुल्याएको संकटकालमा बाँच्न विवश छौं । ...शिरमाथिको समस्त आकाशमा अराजक द्वन्द्वबाट पीडित निहत्था नागरिकहरुका हारगुहार माग्ने चित्कारहरु हरपल व्याप्त भएको वेला र बर्वर राज्यद्वारा ती चित्कारहरुबारे बोल्न र लेख्न निषेध गरिएको बेला संवेदनशील सर्जकले चयन गर्ने पहिलो विषय यही चित्कार हो (संग्रौला २०६२कः १३८–१४०) ।

यही माने सही अर्थमा निमुखा, निहत्था र अभागी नेपाली नागरिकका चित्कारलाई उनले लिपिवद्ध गरे । लिपिवद्ध गर्ने क्रममा उनले मनग्गे संख्यामा त्यस्ता चरित्र एवं व्यक्तित्वमाथि शब्द अर्पण गरेका छन् जो हम्मेसी लेखकहरुको स्तम्भको विषयवस्तु बन्दैनन् । त्यस्ता अनगिन्ती पीडित, दुःखी र शोषितहरु जसले जति चिच्याए पनि सुन्ने कमै हुन्छन् । उनीहरुको सार्वजनिक सुनुवाई हुने कुरा त अझ कठिन र त्रासदीपूर्ण यात्रा हुने गर्छ । यो संग्रौलाको लेखनको अर्को ठूलो आयाम हो । यही आयाम उनको लागि मार्क्सवादी चिन्तनको झ्यालबाट वर्गीय कुरा उठाउने आधार पनि हो । अनि नेपाली समाजमा वर्गीय द्वन्द्वको द्योतक पनि । उनको लेखनमा पाइने यिनै विषयवस्तुले मुखर प्रतिपक्षीय आवाजको आवरण हासिल गरिरह्यो र समयसँगै पैरवीमा परिणत भयो ।

नेपाली समाजमा कथित नागरिक समाजको ताण्डव धेरै हुन्छ । नेपाली नागरिकका झिना स्वरलाई चर्को आवाजमा परिणत गर्ने प्रतिवद्धताको जाहेरी पनि औधी हुन्छ । यस्ता प्रतिवद्धताहरुलाई मूर्त रुप दिने वाचा गर्दै सडक, मण्डली र डबलीमा कराउनेहरुको लस्कर पनि लामै छ । तर जब नेपाली समाज सैन्यवाद र संकटकालको धरापमा पारियो उच्च स्वरमा अलाप्नेहरुमध्ये अधिकांश दूला पसे । बोल्नेका बोली हराए र लेख्नेका हातका मसी सुके । परिणाम संग्रौलाको मनमा एउटा दह्रो प्रश्नले घर बनायो । उनको प्रश्नको छाँट यस्तो छ – "लुतो कन्याउँदै र लिखा मार्दै नेपाललाई घोप्टेभीरतिर लगिन दिने हो कि विवेक र सौर्य प्रदर्शन गरी सैन्यवादको धरापमा पारिएको नेपालको उद्धार गर्न गर्जेर अघि सर्ने हो" (संग्रौला २०६०ख) । उनको कर्मले उनलाई उद्धार गर्न लाग् भैरे भन्यो र उनी त्यही बाटोमा लीन छन् । त्यसैले सैन्यवादको सन्त्रास र सन्नाटाको बादल माडारिएको वेला करिब तीन वर्षभन्दा लामो समयावधि उनले आफूलाई कुन्साङ काकाको रुपमा प्रस्तुत गरे । उनको शब्दमा,

> शुरुमा कुन्साङ काका [मेरो] नियमित स्तम्भको कथा वाचकजस्तो थियो, कालान्तरमा त्यो लेखकको प्रवक्ता बन्न पुग्यो । अहिले त त्यो लेखकको नामकै पर्याय बन्न पुगेको छ । प्रारम्भमा कुन्साङ काकाको लेखनको सतहमा परिहासको बाक्लो रङ्ग थियो र त्यस परिहासको अन्तरधारमा व्यङ्गको पातलो पुट लेपन गरिएको थियो । पछि विरालाको घाँटीको घण्टी बजाउने सहधर्मीहरुको संख्यासँगै आवाजको घनत्वले तीव्रता र व्यापकता लिँदै जाँदा सतहको बाक्लो परिहासको ठाउँ अन्तरधारको व्यङ्ग्यले लियो । अझ पछि जब संकटकालको क्रममा भइरहेका दुईतर्फी अचाक्लीहरुका विरुद्ध आवाजहरुको प्रबल प्रवाह उठ्यो, काकाको स्वर पनि एकदमै मुखर र आक्रामक बन्दै गयो (संग्रौला २०५९कः भूमिका) ।

## अन्त्यमा

संग्रौलाको स्वर जसरी मुखर भयो, जति चर्को भयो त्यसबाट प्रष्ट हुन्छ उनी आफैमा एउटा संस्था हुन् । एक वेग्लै र पृथक आयाम जसले राजनीतिक र सांस्कृतिक जीवनका शोषक एवं पाखण्ड विरुद्ध हरपल आफूलाई समाहित गरिरहे । जसले हैकमतन्त्र, खाओवादी चरित्र, नैतिक क्षयीकरण, पाखण्डी आवरण, सैन्यउन्मादलाई नग्याइरहे । यस कर्ममा थोरै भए पनि नागरिकगणका आँतलाई चैनको सास फेर्ने वातावरणको निर्माणमा हौस्याइरहे । आशा र सम्भावनाका डोबहरु तिर मानिसका प्रेरणा र चेतलाई तानिरहे । उनीहरुका सपनालाई जीवित तुल्याइ रहे । लोकतान्त्रिक समाज–सृजना र समानताको पक्षमा निरन्तर लागिनै रहे । नेपाली समाजमा मानवताको त्राण बाँकी नै छ विलीन भएको छैन भन्ने सम्भावनाको त्यान्द्रोलाई जीवित तुल्याइ रहे ।

यो गर्ने उनको लेखनको शैली गजबको छ । पछिल्लो दुई दशकमा छोटा अखबारी लेखन र लामाकोटीका केही निबन्धहरु रचिरहे पनि मूलतः कथाकारको तालिम राम्रैसँग हाँसिल गरेको झझल्को उनको लेखनले दिइरहन्छ । उनको अखबारी लेखनमा कथा रच्ने अद्‌भूत शैली छ, जसमा व्यङ्ग घनीभूत छ । यसले उनको लेखनलाई धेरै फाइदा पुऱ्याएको छ र केही घाटा । घाटा यस माने कि उनले उठाएका धेरै विषयवस्तु शैली, भाषा र प्रस्तुतिको छायाँ परेका छन् ।

उनको अधिकांश अखबारी लेखनमा राजनीतिक, सांस्कृतिक वा अन्य कुनै फाँटका व्यक्तिहरु प्रमुख पात्र हुन्छन् । प्रायः उनको लेख आउने सातामा कुनै हिसाबले चर्चामा आएका पात्रहरु । अनि यी पात्रहरुलाई मूल चरित्र बनाएर उनी स्तम्भ लेख्छन् । पात्र जीवित, कुरा उनैका, तत्कालीन समयका चर्तिकला पनि उनैका । केवल शैली र भाषा संग्रौलाका । यस क्रममा व्यक्तिको नाम किटानी सामान्य कर्म हो । तर नाम तोकेर विचार लेख्ने चलन लगभग नभएको समाजमा यो कर्मले उनलाई अझ पृथक् बनाएको छ ।

पाठकीय दृष्टिकोणबाट यसमा अनौठो रोमाञ्चकता भएको महशुश मलाई हुन्छ । जसलाई देशको काल, परिस्थितिको हेक्का छ, समयको प्रवाहको सूक्ष्म अनुभूति छ

उसलाई संग्रौलाको स्तम्भको व्यग्र प्रतिक्षा हुन्छ । निरश लेख र राजनीतिक टिप्पणीहरु पढेर सप्ता विताइरहेको अवस्थामा कम्तिमा संग्रौलाको लेखनले पाठकको समभावहरुलाई केही वेरको आनन्द अनुभूति दिन्छ । यथार्थको निथारहरुसँग खेल्ने र कल्पना गर्ने आयाम थपिदिन्छ । अनि दिन्छ जीवन, देश र बाक्लो राजनीतिक परिहास माथि मीठो साहित्यिक स्वाद ।

ज्ञानका अन्य शास्त्रहरुको तुलनामा साहित्य बढी सघन र बढी सापेक्ष भएकोमा आफूलाई शंका नभएको सन्दर्भ अघि सार्दै उनी लेख्छन्,

> प्रभावका दृष्टिले हृदय उद्वेलनकारी र स्मरणीय हुनाको कारण मानव मनोविज्ञानको निर्माण वा विनिर्माणमा, सभ्यता र संस्कृतिको खाका खिच्ने वा खाका भत्काउने कार्यमा संवेदना र ज्ञानका अन्य शास्त्रहरुको सापेक्षमा साहित्यको प्रभाव बढी तीक्ष्ण, बढी सघन र बढी दूरगामी हुने कुरामा मलाई शंका छैन (संग्रौला २०६२क: १३८) ।

तर केवल पीडादायी चित्कारहरुले भरिभराउ अतीत अनि हुँडारको आवरणमा घनीभूत वर्तमानमा यसको प्रयोजन माथि भने उनलाई शंका छ । आफ्नो शंका व्यक्त गर्दै उनी लेख्छन्,

> धर्तीमा मानिस भएर जन्मनु र मानवोचित जीवन जीउनु, अन्याय र असमानता विरुद्ध जुध्नु र जित्नुमा कत्रो गौरव छ । तर नेपाली इतिहासको जुन कालखण्डमा म जन्मैं र बाँचिरहेँछु त्यसमा त्यस्तो गौरवको अनुभूति गर्ने अवसर इतिहासले मलाई दिएन, तसर्थ दुःखद् वर्तमानमा उँभ्भिएर दुःखद् अतीतको वर्णन गर्नुमा के आन्नद छ ? के सार्थकता छ त्यसमा ? के प्रयोजन छ त्यसको ? (संग्रौला २०६०क: ७२) ।

सके उनको लेखन यही प्रयोजन र सार्थकताको खोजी हो । यो आफ्नो निष्ठाप्रतिको प्रतिवद्धता र आफूले छानेको लेखकीय अभिनय पूरा गर्ने अनिश्चितकालीन बाध्यकारी कर्म पनि हुनसक्छ बेलाबेला । तर संग्रौलालाई जस्तै यसको ठोस भेउ मलाई पनि छैन । त्यसैले संग्रौला तिरै फर्कदा, “मानिस किन मानिस हो भने उसमा मनुष्यता हुन्छ । ...हृदयको कोमलता, करुणाभाव, रचनात्मक कल्पनाशीलता र परोपकारिता मानिसका मानवीय अलंकारहरु हुन् । र मावन सभ्यताको यात्रा यिनै अलंकारहरुको निरन्तरको खोजी हो” (संग्रौला सन् २००५: ५६) । सके दुःखद् अतीतको वर्णन गर्नुको सार्थकता र प्रयोजन पनि यसैमा हुनसक्छ ।

यही कारण उनको लेखनीमा यथार्थका अंशहरु छन् । आशा र सम्भावनाका त्यान्द्राहरु छन् । समयको आक्रोश र आला घाउहरु छन् । अनि छन् नेपाली समाजको कष्टकर भोगाइ र संघर्षका सारहरु । यस्ता अभिव्यक्ति दिने क्रममा संग्रौलाले धेरै हल्का लेख, फितलो विषयवस्तु र कमसल विचारहरुको सञ्चार पनि पर्याप्त मात्रामा गरेका छन् । तर ती सबैलाई मैले यहाँ गौण ठानेर चर्चा गर्न आवश्यक सम्भिmन । संग्रौलाको माक्सवादी चिन्तनमा लीन वैचारिक मान्यतासँग मेरो पूर्ण सहमति नरहेको अवस्थामा

समेत आलोचनात्मक रुपमा उनको लेखनमाथि यस लेखमा टिप्पणी नगर्ने निधो मैले गरे । यो निर्क्यौल मेरा लागि उनले विगतका वर्षहरुमा प्रस्तुत गरेको वैचारिक लचकता र जुझारुपनप्रतिको सम्मान हो ।[३]

नेपाली समाजका धेरै अन्य आयाम र विधा जस्तै समाजविज्ञानको क्षेत्रमा पनि अध्येताहरुको खडेरी छ । र जबसम्म संग्रौलाले बाँचेको समयावधिको गहकिलो र गतिलो इतिहास लेखिँदैन, सामाजिक इतिहासका विभिन्न पाटाहरु समेटिदैनन् तबसम्म यथार्थको चाकाचुली खेलेझैं घटनाहरु पुनरावृत्ति भएको गोचर भइरहने उनका लेखहरु कालजयी हुने निश्चित छन् । जुन दिन त्यस्ता दस्तावेजहरु छलकपट नगरिकन तयार होलान् त्यसवेला ती लेखनीका विषयवस्तुको ठूलो स्रोत संग्रौलाहरु नै हुनेमा पनि दुविधा छैन । आज नै ऐतिहासिक जस्तो लाग्ने उनको लेखन र इमान समयको प्रवाहसँगै इतिहास लेखनको सशक्त स्रोत मध्येको एक भयो भने मलाई आश्चर्य लाग्ने छैन । कारण धेरै तथ्यगत पक्षहरुमा केन्द्रित नरहँदा रहँदै पनि नेपाली राजनीति एवं सामाजिक मनोभावका दृष्टान्त हो उनको लेखन ।

सायद यो भनिरहनु परोइन शोषकहरुको काल र शोषितहरुको आँत हुन् संग्रौला । सँगै उनी हुन् गणतन्त्रवादी । राजनीतिकचक्र र घटनाक्रम अनुसार धेरै अगुवा भनाउँदा समसामयिक व्यक्तित्वहरुको पक्ष विपक्षमा उनले लेखिरहे पनि, ती चरित्रहरुको कर्मसँगै उनको अभिव्यक्तिमा धेरथोर मत परिवर्तन भइरहे पनि, सारमा उनको विचारमा एकरुपता छ । गणराज्य नेपाल हेर्ने अभिलाषा उनीमा तीव्र भएकोले नै पछिल्लो

---

३ मेरा आलोचनात्मक विचारहरुलाई यस लेखबाट पन्छाउनका अन्य केही कारणहरु पनि छन् । पहिलो, यो लेख्न बस्दा संग्रौलाको लेखनबारे केही ठोस कुराहरु लेखिएको होला भन्ने अपेक्षा थियो । दोस्रो, वामपन्थी जगतभित्र उनी निकै विवादास्पद लेखक भएकोले आफूलाई प्रगतिशील र विप्लवी भन्न रुचाउने लेखकहरुले उनीमाथि गतिलै कलम चालाएका होलान् भन्ने सोचमा थिएँ । तर खोज्दै जादा रामप्रसाद ज्ञवालीको एउटा शास्त्रीय ढर्राको प्राविधिक पुस्तक समीक्षाबाहेक केही हात लागेन । अर्थात् मेरा दुबै मान्यता गलत सावित भए । नेपाली वामपन्थी विद्वान र समालोचकहरुको दरिद्रता देखेर मलाई निकै दया लागेको क्षण थियो यो । संग्रौलाबारे केही पाइन्छ भने ती ससाना छरप्रष्ट टिप्पणी र केही फुटकर बहस मात्र हुन् । मूलतः एमाले नजिकको साप्ताहिक पत्रिकाहरु र *कान्तिपुर* दैनिकमा ससाना पत्रहरुमार्फत अभिव्यक्त गरिएको । वा विशेष परिस्थितिमा अन्य पार्टीका साप्ताहिक पत्रिकाहरुमा पनि अभिव्यक्त भएका । हुनलाई मैले उनको निबन्ध र छापा लेखमाथि लेखिएको टिप्पणी खोजे पनि उनको कथा र उपन्यासबारे पनि विशेष केही लेखिएको मैले फेला पारिन । एकाध पुस्तक परिचय, समीक्षा र केही टिप्पणी बाहेक । अर्कोतर्फ पहिलो संकटकालपछि अझ घनीभूत भएको संग्रौलाको साहसिक कलम र निरन्तरको जुझारुपनप्रति मेरो अगाध सम्मान छ । अनि यसरी उनका कामहरु समेटेर लेखिएको यो एकप्रकारले पहिलो लेख भएकोले ती पक्षहरुमा मेरो बढी जोड रह्यो जसलाई मैले निकै रुचाएँ । अझ उनी माथि केही नलेखिएको अवस्थामा मेरा असहमतिहरु एवं आलोचनात्मक पाटोलाई पन्छाउने निर्णय मैले गरेको हुँ । यद्यपि उनीमाथि विभिन्न कोणबाट अरुले केही नलेखेकोले विविध विचारलाई पृथक् कोणबाट सम्मोधन गर्नुपर्ने बाध्यकारी कर्मबाट पनि म मुक्त रहेँ । भविष्यमा उनको लेखबारे फेरि लेखेछु भने मेरा विमतिहरुलाई आधार बनाउने अवसर मलाई प्राप्त हुने छ ।

दशकमा नयाँ पुस्ताका राजनीतिक र सामाजिक योद्धाले बोकेको परिवर्तनकामी विचारमाथि उनले धेरै मसी खर्चेका छन् । उनको आशा र सम्भावना अहिले यहीँ टिकेको छ । यसले भन्छ उनको बाँकी जीवनपनि 'प्रतिपक्षीय शक्ति'को पर्यायको रुपमा वित्ने छ । यो प्रतिबद्धता कै कारण संग्रौलाको प्रतिपक्षीय क्रन्दन केवल कोरा नारा मात्र नभएर जीवन निर्वाहको व्यवहारिक पाटो भएको छ ।

**अभार**

यो लेख लेख्ने क्रममा सामाजिक विकास तथा अनुसन्धान केन्द्रमा प्रत्यूष वन्त र देवराज हुमागाईंले संग्रह गरेर राखेका संग्रौलासम्बन्धी सामग्रीहरु निकै सहायक र उपयोगी रहेँ । थप स्रोत सामग्री खोज्न सहयोग गरेकोमा प्रभाकर गौतमप्रति म आभारी छु । यो लेखको प्रारम्भिक मस्यौदा पढेर सुझाव दिने प्रत्यूष वन्त, सेरा तामाङ, देवराज हुमागाई र निनु चापागाईंलाई विशेष धन्यवाद छ । यो लेख्ने क्रममा खगेन्द्र संग्रौलासँग गरिएको औपचारिक र अनौपचारिक कुराकानीहरु मेरो निम्ति धेरै त्यस्ता पक्षहरु बुझ्न सहायक रहे जसबारे म अनभिज्ञ थिएँ । तथापि यस लेखमा हुनसक्ने त्रुटी र कमजोरीप्रति म जिम्मेवार रहने छु ।

**सन्दर्भ समाग्री**

गौतम, भास्कर । २०६० । घोडा, ईश्वर र मेरा बाका संग्रौला । *कान्तिपुर,* १३ मंसिर, पृ. ७ ।

दवाडी, किशोर । २०६० । थोक मानसिकता (पाठक पत्र) । *बुधवार,* १४ माघ, पृ. २ ।

दुवाडी, अनुप । २०६२ । एकफेर सोच्ने कि अंकल (पाटक पत्र) । *कान्तिपुर,* २४ कार्तिक, पृ. ६ ।

संग्रौला, खगेन्द्र । २०४७ । *जन–आन्दोलनका छर्राहरु* । काठमाडौंः भारद्वाज प्रकाशन ।

संग्रौला, खगेन्द्र । सन् १९९७ । कालोपट्टी पर्वः जनआन्दोलनको जुनकीरी । *स्टडिज् इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* २(१)ः १०३–१२३ ।

संग्रौला, खगेन्द्र । २०५८ । *इतिहासमा कालो पोतिएको अनुहार* । काठमाडौंः अन्तरक्रिया प्रकाशन ।

संग्रौला, खगेन्द्र । २०५९क । *सङ्कटकालमा कुन्साङ काका* । काठमाडौंः विवेक सिर्जनशील प्रकाशन ।

संग्रौला, खगेन्द्र । २०५९ख । *आमा र यमदूतहरु* । काठमाडौंः भुँडीपुराण प्रकाशन ।

संग्रौला, खगेन्द्र । २०६०क । *घोडा, ईश्वर र मेरा बा* । काठमाडौंः भुँडीपुराण प्रकाशन ।

संग्रौला, खगेन्द्र । २०६०ख । बेग्लै गिरिजाबाबु, अर्कै माधव नेपाल । *हिमाल,* १–१५ मंसिर, पृ. २२ ।

संग्रौला, खगेन्द्र । २०६२क । लेखक, आत्मसेन्सरशीप र भ्रमहरु । *रुपान्तरण* १ः १२९–४० ।

संग्रौला, खगेन्द्र । २०६२ख । ईश्वरगाथा । *कान्तिपुर,* ८ असार, पृ. ७ ।

संग्रौला, खगेन्द्र । सन् २००५ । *फूल, पात, पत्कर* । अमेरिकाः नेपाली पोष्ट ।

Onta, Pratyoush. 1996. Revisiting Panchayat with Sangraula. *The Kathmandu Post,* 26 May, p. 4.